नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या ०७८।०७९
चलानी नं

मिति:- २०७८।१०।०३

## चितवन जिल्लाका प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश

नयाँ भेरियन्ट सहितको कोभिड-१९को संक्रमणको जोखिम यस जिल्लामा वढ्दै गएको हुदा उक्त संक्रमणको रोकथाम र नियन्त्रणका लागि नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८/९/३० को वैठकको निर्णय तथा जिल्ला कोभिड-१९ व्यवस्थापन समिति चितवनको मिति २०७८/१०/०३ को निर्णय तथा संक्रामक रोग ऐन,२०२० को दफा २ र स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को उपदफा ३ वमोजिम अर्को आदेश नभय सम्मको लागि ०७८।१०।०४ गते विहान ६:०० बजे देखि चितवन जिल्लाभर लागू हुने गरी यो आदेश जारी गरीएको ब्यहोरा अनुरोध छ ।

१. भौतिक रूपमा २५ जना भन्दा वढी उपस्थित भई हुने सबै प्रकारका सभा, सम्मेलन, प्रदर्शन, भेला, जात्रा, महोत्सव माघ सम्म मसान्त सञ्चालन नगर्ने नगराउने ।
२. गोष्ठी, सेमिनार, बैठक जस्ता कार्यक्रम सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने। भौतिक रूपमा उपस्थित भई गर्नुपर्दा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी, एन्टिजेन परीक्षण गरि रिपोर्ट नेगेटिभ आएका बढीमा २५ जना खोपको पुरा मात्र लगाएका मात्र सहभागी हुने गरी सञ्चालन गर्ने।
३. सिनेमा हल, डान्स बार, दोहोरी, नाचघर, क्लब, हेल्थ क्लब, जिम खाना, स्विमिङ् पुल, फुटसल, पटके हाटबजार र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कायक्रम २०७८ साल माघ १५ गतसे सम्म सञ्चालन नगर्ने
४. मिति २०७८/१०/०७ गते देखि सार्वजनिक स्थानहरुमा (कार्यालय, होटल, रेष्टुरेन्ट, सिनेमा हल, रंगशाला ) प्रवेश गर्दा र सार्वजनिक सेवा प्राप्त गर्दा, आन्तरिक उडानमा जादा, अनिवार्य रुपमा कोभिड विरुद्धको vaccine लगाएको कार्ड (मोवाइलमा फोटो भएपनि हुने ) अनिवार्य गर्ने ।
५. विद्यालय, विश्वविद्यालय, कलेज, ट्यूशन सेन्टर, तालिम वा अन्य प्रकारका शैक्षिक क्रियाकलाप सञ्चालन गर्दा २०७८ माघ १५ गतेसम्म भौतिक रूपमा उपस्थितिमा सञ्चालन नगर्ने। त्यस्ता शैक्षिक क्रियाकलाप भरचुअल वा वैकल्पिक विधिहरू अपनाई सञ्चालन गर्ने ।
६. विश्वविद्यालय, क्याम्पस, लगायत सबै शैक्षिक प्रतिष्ठानका पूर्व निर्धारित सेमेष्टर र वार्षिक परिक्षाहरु,जनशक्ति भर्नाका परिक्षाहरु, जनस्वास्थ्य र सुरक्षा मापदण्ड पालना हुने गरी जेड आकारमा वसाई व्यवस्था गरी संचालन गर्ने । परीक्षा केन्द्रमा मास्क र स्यानिटाईजरको प्रयोग अनिवार्य गर्ने र भौतिक दूरीको प्रावधान कडाईका साथ परिपालना गर्ने ।
७. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्चलगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी २०७८ साल माघ मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।
८. सपिङ मल, डिपार्टमेण्टलस्टोर, सुपरमार्केट वा अन्य प्रकारका पसल एक पटकमा पच्चिस जनाभन्दा बढी नहुने गरी , तथा जनस्वास्थ्यका मापदण्ड स्वयम संचालकले पालना गर्ने गराउने गरी संचालन गर्ने
९. पार्टि प्यालेसमा एक पटकमा कुल क्षमताको बढीमा एक-तिहाईमा नबढ्ने गरी बढीमा पचास जना मात्र उपस्थित रहने तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी प्रमुख जिल्ला अधिकारीबाट पुर्व स्बिकृति लिइ विवाह, व्रतबन्ध, न्वारान तथा पास्नि जस्ता धार्मिक,सास्कृतिक वा अन्य कार्यक्रम संचालन गर्ने ।

७८।१०।३
अस्मान तामाङ
प्रमुख जिल्ला अधिकारी

☎ टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या ०७८।०७९
चलानी नं

१०. रंगशालामा दर्शक सहितको खेलकुद गर्दा कुल क्षमताको बढीमा एक-तिहाईमा नबढ्ने गरी तथा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गरी संचालन गर्ने ।

११. धार्मिक वा सास्कृतिक जात्रा, पर्व, अनुष्ठान, मृत्यु संस्कार न्वारान तथा पास्नी जस्ता परम्परागत,धार्मिक,सास्कृतिक वा अन्य कार्यक्रम संचालन गर्दा ५० जना भन्दा वढी नहुने र जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी संचालन गर्ने ।

१२. माथी उल्लेख भए वाहेकका एक पटकमा पच्चिस जना भन्दा वढी जम्मा हुने क्रियाकलाप संचालन गर्नु परेमा प्रमुख जिल्ला अधिकारीको पूर्व स्विकृति लिई तोकिएका मापदण्ड पालना गर्ने गरी संचालन गर्ने

## १३. सार्वजनिक यातायात संचालन सम्वन्धमा देहायका मापदण्ड पालना गर्ने गरी सञ्चालन गर्नेः-

- सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
- सबै यात्रुहरुले अनिवार्य रुपमा मास्क लगाउने ।नलगाइ आएमा चालक वा सहचालकले वढिमा पाँच रुपैया लिइ मास्क उपलब्ध गराउनु पर्ने ।
- मास्क नलगाउने यात्रुलाई सवारी साधनमा प्रवेश गर्न नदिने ।
- चालक र सहचालकले अनिवार्य मास्क लगाउने ।
- सवारी साधनको ढोकामा स्यानिटाइजरको व्यवस्था गर्ने ।
- सवारी साधन दैनिक निसंक्रमण (disinfection) गर्ने ।

## १४. आन्तरिक हवाइ उडान संचालनमा देहाय वमोजिम गर्ने ।

- चालक दल तथा सबैयात्रुलाई मास्क तथा फेस-सिल्ड अनिवार्य गर्ने,
- हवाई जहाज भित्र सेनिटाइजरको व्यवस्था गर्ने ।
- प्रत्येक उडान पछि हवाई जहाज र व्यागेज निसक्रमित गर्ने ।
- चेक-इन, वोर्डिङ, ब्यागेज क्लेम गर्ने स्थान तथा प्रतिक्षालयमा भिडभाड हुन नदिने र जनस्वास्थ्यका मापदण्ड लागू गर्ने,

१५. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाईजर र मास्क अनिवार्य गर्ने । कुनै ब्यक्तिले मास्क नलगाई आएमा पाँच रुपैयाँ लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने ब्यक्तिलाई कार्यालय तथा पसलमा प्रवेश गर्न नदिने ।

## १६. होटल तथा रेष्टुरेन्टले देहाय वमोजिमका मापदण्ड पालना गरी सेवा दिने ।

- होटल तथा रेष्टुरेन्टका कामदारले अनिवार्य रुपमा मास्क तथा फेस-सिल्ड र पन्जा लगाउने ।
- होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्ने सबै सेवाग्राहीलाई मास्क अनिवार्य गर्ने ।
- कुल क्षमताको आधा भन्दा वढि नहुने गरी कम्तिमा दुई मिटरको भौतिक दूरी कायम गर्नुपर्ने ।
- सेनिटाईजरको व्यवस्था गर्नुपर्ने ।
- होटल तथा रेष्टुरेन्टलाई नियमित निसंक्रमण (disinfection) गर्नु पर्ने ।

अस्मान तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

☎ टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या ०७८।०७९
चलानी नं

- कुनै व्यक्तिले मास्क नलगाई आएमा पाँच रुपया लिई मास्क उपलब्ध गराउने । मास्क नलगाउने व्यक्तिलाई होटल तथा रेष्टुरेन्टप्रबेश गर्न नदिने । -
- २०७८/१०/७ गते देखि खोपको कार्डका आधारमा होटल तथा रेष्टुरेन्टमा प्रवेश गर्न दिने ।

१७. सबै प्रकारका ब्यवसायिहरुको अग्रपंक्तिमा काउन्टरमा रहि काम गर्ने र ग्राहकहरुलाइ नियमित सेवा दिने कर्मचारिको सम्वन्धित निकाय वा संस्थाले नियमित एन्टिजेन परीक्षण गराई रिपोर्ट नेगेटिभ आएका ब्यक्तिलाई मात्र काममा लगाउने ।

१८. जुनसुकै सेवा वा क्षेत्रमा क्षेत्रमा कार्यरत व्यक्तिमा कोभिड-१९ को चिन्ह वा लक्षण देखिएमा अनिवार्य रुपमा पाँच दिन क्वारेन्टिनमा वस्ने र ५ दिनपछि कोभिड-१९ परीक्षण गरी रिपोर्ट नेगेटिभ आएमा मात्र काममा आउने ।

१९. जिल्ला स्थित सबै सरकारी तथा निजी, कार्यालयहरु तथा वैक तथा वित्तीय संस्थाहरुले संभव भएसम्म विधुतीय प्रणालि मार्फत सेवा प्रवाह गर्ने व्यवस्था मिलाउने र भोतिक उपस्थितिमा सेवा प्रवाह गर्दा जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रूपमा पालना गर्ने सुनिश्चितता गरी संक्रमणको जोखिम र भिडभाडको अवस्थाको विश्लेषण गरी उपर्युक्त प्रणाली अवलम्बन गरी भिडभाड नहुने प्रबन्ध मिलाई सेवा प्रवाह गर्ने ।

२०. **कोभिड-१९ को रोकथाम,नियन्त्रण,उपचार, र अनुगमनका लागी स्थानिय तहले देहाय वमोजिम गर्ने ।**

- १५ वेडसम्म क्षमता भएका सरकारी, सामुदायिक,गैरसरकारी र निजी अस्पतालसंग सक्रमितको उपचारको लागी सम्झौता गर्ने,अनुगमन गर्ने र सोधभर्नाका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने ।
- आधारभुत अस्पतालका संरचना नभएका स्थानीय तहले न्यूनतम पाँच बेडको अस्पताल सञ्चालन गर्ने।
- ) होम क्वेरेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जाच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसँग समन्वय गरी त्यस्तो संस्थासम्म पुर्याउने काममा सहजिकरण गने।
- कोभिड-१९ को चिह्न तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने ब्यवस्था मिलाउने। नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने।
- आफ्नो स्थानीय तह भित्र स्वाब सङ्कलन गर्ने व्यवस्था मिलाउने तथा प्रत्येक वडामा भिडभाड हुन सक्ने स्थान वा हटस्पट पहिचान गरी नि:शुल्क टेस्ट गर्ने तथा टेस्टको रिपोर्टिङ गर्ने व्यवस्था गराउने ।
- क्वारेन्टिन,आइसोलेशन,केश इन्भेष्टिगेशन,कन्ट्रयाक्ट ट्रेसिङ,उपचार ब्यवस्थापन,परिक्षणलगायत अत्यावश्यक सामाग्री खरिद तथा जनशक्ति परिचालनमा लागि आवश्यक ब्यवस्था मिलाउने ।
- सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने सावुन पानीको ब्यवस्था मिलाउने
- स्थानीय तहको स्वास्थ्य केन्द्रमा सातै दिन न्यूनतम १२ घण्टा सञ्चालन हुनेगरी कोभिड-१९ विरुद्धको खोप केन्द्र र एन्टिजेन परीक्षणको बुथ राख्ने साथै महानगरपालिका र नगरपालिकाले जनघनत्वका आधारमा थप



अस्मान तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या ०७८।०७९
चलानी नं

खोप केन्द्रहरू राख्नुपर्ने । खोप लगाउने कार्यमा स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थाका चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयमसेवक परिचालन गर्ने ।

- खोप नपाउने ब्यक्ति पहिचान गरि खोप अभियान तिव्रता वनाउने । निकट भविश्यमा खोप प्राप्त गर्ने ५ वर्ष देखी ११ वर्षसम्मका वालवालिकाको पहिचाँन र सूंचि तयार गर्ने र उपलब्ध हुन साथ लगाउने तयारी गर्ने ।
- स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।
- उपर्युक्त कार्यमा सहयोग तथा सहजीकरण गर्न विद्दमान टोल सुधार समिति,टोलस्तरमा गठन भएका कोभिड-१९ सहजिकरण समुह तथा उपभोक्ता समितिलाई परिचालन गर्ने र त्यस्ता समिति वा समुह गठन नभएको भए आवस्यकता अनुसार गठन गरी परिचालन गर्ने ।

**२० .कोभिड-१९ को रोकथाम,नियन्त्रण,उपचार, र निगरानीका लागि टोल सुधार समिति/टोलस्तरमा गठन भएका कोभिड-१९ सहजिकरण समूह तथा उपभोक्ता समितिले देहाय वमोजिम गर्ने ।**

- कोभिड-१९ सम्वन्धमा ब्याप्त भ्रम हटाउने,समुदायमा सही सुचना सम्प्रेषण गर्ने तथा जनस्वास्थ्यका मापदण्डहरु पालना गर्न प्रोत्साहन गर्ने र कोभिड-१९ विरुद्दको अभियानमा स्थानीय तहलाइ सहयोग गर्ने ।
- परिक्षण,क्वारेण्टिन.आइसोलेसन तथा उपचारको लागी सम्पर्क गर्न आवस्यक सहयोग गर्ने ।
- क्वारेन्टिन वा आइसोलेसनमा वस्नु पर्ने ब्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा वसे नवसेको सूचना तथा टोल तथा गाउमा जनस्वास्थका मापदण्ड पालना भए नभएको सूचना स्थानिय तहलाई दिने ।
- घर वा होटेलमा क्वारेन्टिन वा आइसोलेसनमा वसेका ब्यक्तिलाई आवस्यकता अनुसार स्वास्थ्यसम्वन्धि जानकारी उपलब्ध गराउने तथा परामर्श उपलब्ध गराउने ।
- साठी वर्ष माथिका नागरिक, दीर्घ रोग भएका ब्यक्तिलाइ घर वाहिर नजान अनुरोध गर्ने र जानुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड पालना गरी गन्तव्यसम्म जान र फर्कन सहयोग गर्ने
- खोप अभियानमा आवस्यक सहयोग गर्ने ।

**२१ कोभिड-१९ को रोकथाम,नियन्त्रण,उपचार, र निगरानीका लागी आम नागरिकले देहाय वमोजिम गर्ने**

- जनस्वास्थ्यका मापदण्डको पुर्ण रुपमा पालना गर्ने
- घर वाहिर निस्कदा अनिवार्य रुपमा मास्कको प्रयोग गर्ने, प्रयोग गरिएका विसर्जन गर्नु पर्ने मास्क वन्द डस्टविन वा प्लास्टिकको झोलामा वन्द गरी सुरक्षित साथ राखि ५ दिन पछीमात्र विसर्जन गर्ने ।
- विदेशवाट नेपालमा आउदा वा निकट समर्पकमा रहि कन्टयाक्ट ट्रेसिङ्मा परेका परिक्षणवाट नतिजा नेगेटिभ भए तापनि कम्तिमा पाँच दिन होम क्वारेन्टिनमा वस्ने ।
- पि सि आर परिक्षणका लागि प्रयोगशालामा स्वाव दिएपछि नतिजा नआएसम्म वाहिर हिडडुल,भेटघाट र वैठक नगर्ने ।
- स्थानिय तहमा क्वारेन्टिन र आइसोलेसनमा वसेका ब्यक्तिलाइ सक्दो सहयोग गर्ने ।
- होम आइसोलेसनमा वसेको ब्यक्ति नियमित स्वास्थ्यकर्मिको नियमित सम्पर्कमा रहने र स्वास्थ्य सम्वन्धि कुनै समस्या भएमा तुरुन्तै नजिकको अस्पतालमा जाने



अस्मान तामाङ
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
चितवन

टेलिफोन: ०५६-५२१९४४
फ्याक्स : ०५६-५२०७४७

पत्र संख्या ०७८।०७९
चलानी नं

- क्वारेन्टिन वा आइसोलेसनमा वस्नु पर्ने व्यक्ति त्यसरी क्वारेन्टिन वा आइसोलेसनमा वसे नवसेको सूचना टोल तथा गाउमा जनस्वास्थ्यका मापदण्ड पालना भए नभएको सूचना स्थानिय तहलाई तथा टोल सुधार समितिमा जानकारी दिने ।

२२. संक्रमण दर घट/वढ भएमा यस आदेशमा भएका ब्यवस्थाहरु जुनसुकै समयमा पनि पुनरावलोकन गर्न सकिनेछ ।

२३.साथै उल्लिखित आदेशको पालना तथा कार्यान्वयनमा यस अघि झै आवश्यक सहयोग, समन्वय तथा सहजिकरण हुन सम्वद्ध सबै सरोकारवाला र आम चितवनबासी दिदीवहिनी तथा दाजुभाई समक्ष हार्दिक अनुरोध छ ।

२४.उल्लिखित आदेशको अवज्ञा गर्ने वा आदेशको कार्यान्वयनमा बाधा हुने गरी कुनै कार्य गरे/गराएको पाइएमा प्रचलित कानून बमोजिम कारबाही हुने व्यहोरा समेत जानकारी गराईन्छ ।

अस्मान तामाङ
प्रमुख जिल्ला अधिकारी